व्यास नगरकार्यपालिकाको २०१ औं बैठक आज मिति २०८१/८/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/८/७ को बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आगामी नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.३: नगर शिक्षा सुधार योजना प्रस्तुती सम्बन्धमा ।
प्रस्ताव नं.४: जग्गा वर्गीकरणको विवरण प्रस्तुत सम्बन्धमा ।
प्रस्ताव नं.५: शहरी सडकहरुको आवधिक मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.६: आ.व.२०८१/०८२ को सडक निर्माणको प्रगति सम्बन्धमा ।
प्रस्ताव नं.७: नगर प्रमुखको बैंङ्कक भ्रमण सम्बन्धी जानकारी सम्बन्धमा ।
प्रस्ताव नं.८: दमौली सभागृह सञ्चालनको जिम्मेवारी लिने सम्बन्धमा ।
प्रस्ताव नं.९: आ.व.२०८१/०८२ को लागत सहभागीताका योजनाहरु माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: यस वर्ष कार्यक्रम हुन नसकेका योजनाहरुमा विनियोजित रकम सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास १२ अन्तर्गत बेलघारीबाट वडा कार्यालय जाने बाटोमा बजेट सुनिश्चित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: २०८१/८/७ को निर्णय संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१३: लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका लागि आवश्यक खर्च अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१४: गजुरे स्वास्थ्य चौकी एम्बुलेन्स सञ्चालन खर्च विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: सत्यवती मा.वि. को मा.वि. राहत दरबन्दीको विषय परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१६: शिक्षक व्यवस्थापन नगर शिक्षा शाखा प्रमुखलाई अधिकार प्रत्यायोजन सम्ब्न्धमा ।
प्रस्ताव नं.१७: वडा नं.११ गैह्राबारीको चिस्यान केन्द्र सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१८: नगरस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१९: महिला म्याराथन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२०: बैरेनी जग्गा विकास आयोजनाको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२१: सुरक्षित गर्भपतन सेवा निर्देशिका "२०७८" बमोजिम स्वास्थ्य संस्था तथा तालिम प्राप्त स्वास्थ्यकर्मी सूचीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: निर्माणका क्रममा उत्खनन भएको ढुङ्गा, गिट्टी, वालुवा बिक्रीका लागि अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.२३: सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: अण्डरग्राउण्ड कोठा भाडा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२५: ठेक्का अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२६: कम्प्रेशन वेलर मेशिनको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२७: अटो रिक्सा/टेम्पु खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२८: योजना शीर्षक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२९: पराशर आश्रमको माग सम्बन्धमा ।
प्रस्ताव नं.३०: रुम्सी सामुदायिक वन अन्तर्गत अग्नीरेखा निर्माणका लागि सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.३१: अत्यावश्यक विभिन्न कार्यमा विनियोजन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/०८/७ को भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा २०८१ पौष २६ गते हुने ४२ औं नगर सभामा पेश गरिने प्रस्तावहरु सम्बन्धित सबै समितिहरुबाट मिति २०८१ पौष २० गतेभित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्न सबै समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा सुधार योजना आगामी कार्यपालिका बैठकमा पेश गर्न नगर शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको जग्गा वर्गीकरणका प्रगति विवरण मिति २०८१/९/७ गतेभित्र पेश गर्न घर नक्सापास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा सडक बोर्ड नेपालबाट चालु आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत बजेट अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम स्वीकृत गरी सहमतिको लागि सडक बोर्ड नेपाल पठाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | लागत अनुमान |
|---|---|---|---|
| १. | शहरी सडकहरु (पीच) को आवधिक मर्मत | १, २, ३, ४, १०, ११ र १३ | रू.१,०१,५०,९९/२१ |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८१/०८२ मा संघ, प्रदेश अन्तर्गतका सडकहरु टेण्डर प्रकृयामा गएको र नगरपालिका अन्तर्गतका कालिका मार्गको टेण्डर भइसकेको, यस नगरपालिकाका अन्य २० लाखभन्दा बढीका सडक योजनाहरु सम्बन्धित वडासँग समन्वय गरी टेण्डर प्रकृया अघि बढाउन पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नगर प्रमुखबाट मिति २०८१/८/११ गतेदेखि २०८१/८/१४ गतेसम्म नेपाल सरकारको अनुमति एवं संयुक्त राष्ट्रसंघको सामाजिक साँस्कृतिक समितिको निमन्त्रणामा मौसम परिवर्तन र दिगो विकास लक्ष्यमा स्थानीय तहको भूमिका सम्बन्धी कार्यक्रममा भएका गतिविधि र नगर प्रमुखलाई ग्याजुएसनबाट सम्मानित गरिएको विवरण बैठकमा प्रस्तुत गरिएकोमा यसबाट नगरपालिकाको अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठा बढेको र दिगो विकास लक्ष अन्तर्गत सरसफाई व्यवस्थापनमा विशेष अभियानका साथ अघि बढ्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ वि.पी.वनवाटिका खेलमैदान नजिक रहेको पुरानो जिल्ला सभागृहलाई संघीय सरकारको बजेट कार्यक्रम अन्तर्गत नवनिर्मित "**दमौली सभागृह**" लाई जिल्ला सभा तनहुँको प्रस्ताव एवं निर्णय अनुसार सम्झौता गरी सञ्चालन जिम्मा लिन नगर प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै आगामी बैठकमा सभागृह सञ्चालन कार्यविधिको मस्यौदा पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका सबै वडाहरुमा यस वर्ष सम्पन्न हुने गरी बजेट शीर्षक नं.८१३ र ८१४.१ अन्तर्गत रहेको बजेटबाट रू.१५,००,०००। (पन्ध्र लाख) को १४ वटा शहरी वडामा २५%, अर्धशहरी वडामा २०%, ग्रामिण वडामा १५% नगद लागत सहभागिताका योजनाहरु सम्बन्धित वडा मार्फत १/१ (एक/एक) गरी न्यूनतम रू.५,००,०००। (पाँच लाख) भन्दा घटी नहुने गरी बढीमा ३ (तीन) योजनाहरु मिति २०८१/९/२० गतेभित्र माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस वर्ष कार्यक्रम हुन नसकेका निम्न योजनामा विनियोजित रकमलाई तल लेखिएका अत्यावश्यक योजनाहरुमा शिर्षक परिवर्तन गरी विनियोजन गर्ने निर्णय गरियो । साथै सो परिवर्तन आगामी नगर सभाबाट अनुमोदनका लागि पेश गरिनेछ ।

**(क) कार्यक्रम हुन नसकेका योजनाहरु :**

(१) क.सं.८७८ ब.शी.नं. ८०५ मा नवप्रवर्तनीय कार्यक्रम (संघ, नगरपालिका लागत) मा रहेको रू.२५,००,०००। (पच्चीस लाख) यस वर्ष हालसम्म कार्यक्रम माग नभई सञ्चालन हुन नसक्ने देखिंदा ।

(२) क.सं.८६१ ब.शी.नं.७८८ मा व्यास शिव पाञ्चायन क्षेत्रमा योग भवन निर्माणमा रहेको रू.१५,००,०००। (पन्ध्र लाख) ।

**(ख) उल्लेखित रकम रू.४०,००,०००। (विनियोजन गरिने शीर्षकहरु :**

(१) व्यास न.पा. वडा नं.३ मालपोत, सिंचाई र हुलाक कार्यालय कम्पाउण्ड पुनःनिर्माण १०% लागत सहभागिता थप हुने गरी न.पा. बाट रू.१४,००,०००। (चौध लाख) ।

(२) व्यास १० जनता आधारभूत विद्यालय कम्पाउण्ड वाल निर्माण रू.३,००,०००। (तीन लाख) ।

(३) व्यास १० व्यास नगर अस्पताल कम्पाउण्ड वाल निर्माण रू.१०,००,०००। (दश लाख) ।

(४) व्यास १० मंगलीगैह्वा सडक कजवे बाढीबाट क्षतिग्रस्त पुन:निर्माण रू.४,००,०००। (चार लाख) ।
(५) व्यास ३ व्यास गुफा अन्तर्गत अधुरो योग भवन निर्माण रू.५,००,०००। (पाँच लाख) ।
(६) व्यास ११ भगवतीपानी मन्दिर जाने नयाँ बाटो निर्माण रू.२,००,०००। (दुई लाख) ।
(७) व्यास १२ मनकामना टोल छिर्कन-जौबारी बाटो निर्माण मर्मत रू.२,००,०००। (दुई लाख) ।

***जम्मा : ४०,००,०००। (अक्षेरुपी चालीस लाख मात्र)***

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास १२ बेलघारीबाट वडा कार्यालय जाने सडक स्तरोन्नतिका लागि वडा बजेटबाट रू.१५,००,०००। (पन्ध्र लाख) र नगरबाट रू.२०,००,०००। (बीस लाख) समेत रू.३५,००,०००। (पैंतीस लाख) (बजेट सि.नं. ६६६ र ७६०) रहेकोमा रू.४५,००,०००। (पैंतालीस लाख) को टेण्डर गर्ने र टेण्डरबाट थप हुन आएको रकम नगरपालिकाले भुक्तानी दिने सुनिश्चितता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/८/७ को निर्णय नं.२४ को सि.नं. १० संशोधन सम्बन्धमा छलफल हुँदा जनजुक्त शाही मा.वि.को आकासे पुल निर्माणमा लागि रू.१,५०,०००। (एक लाख पचास हजार) विनियोजन भएकोमा उक्त शीर्षकमा त्रुटी भई फुटवल निर्माण हुन गएकोले उक्त रकम रू.१,५०,०००। जनजुक्त शाही मा.वि. जाने साँगे पतेनी नहरमा आकासे पुल निर्माणमा खर्च गर्ने गरी सम्बन्धित वडा नं.५ को सिफारिस अनुसार शीर्षक संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा "Towards 30 years of the Beijing Declaration and Platform for Action: UNITE to End Violence against Women" राष्ट्रिय नारा “हामी सबैको प्रतिवद्धता : लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यवद्धता” भन्ने मूल नाराका साथ मिति २०८१/०८/१० गते शुभारम्भ भई विभिन्न मितिमा वडाहरुमा र विद्यालयहरुमा कार्यक्रमहरु गरी उक्त अभियानको अन्तिम दिन मिति २०८१/०८/२५ गते अन्तरक्रिया एवं समीक्षा सहित समापन कार्यक्रम गर्नका लागि व्यास नगरपालिकाको ४१ औं नगर सभाबाट पारित नीति तथा कार्यक्रम अन्तर्गत बजेट शीर्षक नं.९० मा व्यवस्था भएको बजेट रू.१,५०,०००। (एक लाख पचास हजार) विनियोजन भएकोमा उक्त कार्यक्रम गर्नका लागि रू.१,९२,९००। प्रस्ताव स्वीकृत भएकाले नपुग रकम रू.४२,९००। (बयालीस हजार नौ सय) बजेट शीर्षक नं.९६ मा व्यवस्था भएको बजेट रकम रू.५०,०००। (अक्षेरुपी पचास हजार) बाट नपुग रकम थप गरी खर्च गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा गजुरे स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स व्यवस्थापन एवं सञ्चालनका लागि यस अघिको निर्णयमा रू.२,५०,०००। (दुई लाख पचास हजार) निर्णय भएकोमा किस्ताबन्दी रुपमा बजेट शीर्षक नं.१११ मा रहेको थर्मलथेरापी आवश्यक सामग्री खरिद अन्तर्गत रहेको बजेट रू.५,००,०००। (पाँच लाख) हाल खर्च नभएको र स्वास्थ्य सम्बन्धी शीर्षक भएकाले सोही शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा सत्यवती मा.वि.को मा.वि. राहत अंग्रेजी विषयको दरबन्दीमा रहेका शिक्षक श्री अशोक गिरीले राजिनामा गर्नु भई रिक्त भएकोमा विद्यालयको निर्णयानुसार उक्त दरबन्दीलाई गणित विषयमा परिवर्तन गरी सत्यवती मा.वि.लाई विज्ञापन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा नगरपालिका भित्र रिक्त हुन आएका शिक्षक दरबन्दीमा आन्तरिक कामकाजमा खटाउने वा सरुवा सम्बन्धी मापदण्ड अनुसार विज्ञापन गर्ने गराउने अधिकार नगर शिक्षा एवं सामाजिक विकास शाखा प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ गैह्वाबारीमा रहेको चिस्यान केन्द्र सञ्चालनमा सहकारी संघ संस्थाबाट १५ दिने सूचना दिई प्रकृया अघि बढाउन कृषि, पशु तथा सहकारी विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा संघीय कार्यविधि अनुसार सेनीटरी प्याड खरिद एवं वितरण सम्बन्धी समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री इन्दिरा दरै | – उपप्रमुख |
| (२) सदस्य | श्री कृष्णमाया गुरुङ्ग दुरा | – कार्यपालिका सदस्य |
| (३) सदस्य | श्री कल्पना कोइराला दाहाल | – स्वास्थ्य तथा जनसंख्या शाखा कर्मचारी |
| (४) सदस्य | श्री रुपा घिमिरे | – क्यामिन मा.वि., शिक्षक |
| (५) सदस्य | श्री विमला न्यौपाने | – निर्मल मा.वि. शिक्षक |
| (६) सदस्य | श्री राधा आचार्य | – महिला, बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख |
| (७) सदस्य सचिव | श्री नविन पराजुली | – शिक्षा अधिकृत |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा २०८१ माघ १६ गते व्यास ३ व्यास गुफादेखि व्यास ११ तनहुँसुर दरबारसम्म हुने हाल्फ महिला म्याराथन प्रतियोगिता गर्ने गरी आवश्यक व्यवस्था मिलाउन निम्नानुसार व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री इन्दिरा दरै | – उपप्रमुख |
| (२) सदस्य | श्री जीवनकुमार गुरुङ्ग | – खेलकुद समिति संयोजक |
| (३) सदस्य | श्री अनुप राना | – वडा नं. ३ अध्यक्ष |
| (४) सदस्य | श्री दलबहादुर दुरा | – वडा नं. ११ अध्यक्ष |
| (५) सदस्य | श्री चन्द्रमाया परियार | – कार्यपालिका सदस्य |
| (६) सदस्य | श्री नरीमाया राना | – कार्यपालिका सदस्य |
| (७) सदस्य | श्री कृष्णमाया गुरुङ्ग दुरा | – कार्यपालिका सदस्य |
| (८) सदस्य | श्री ज्ञानुमाया सुनार | – कार्यपालिका सदस्य |
| (९) सदस्य | श्री निला घिमिरे | – कार्यपालिका सदस्य |
| (१०) सदस्य | श्री राधा आचार्य | – महिला, बालबालिका उपशाखा प्रमुख |
| (११) सदस्य-सचिव | श्री नविन पराजुली | – शिक्षा अधिकृत |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं.१० स्थित बैरेनी क्षेत्रमा एकीकृत जग्गा विकास आयोजना सञ्चालन गरी त्यस क्षेत्रको भौतिक विकास योजना तर्जुमा गर्ने कार्यमा बाधा अड्चन नआवोस् भन्ने उद्देश्यले प्रथम चरणको बैरेनी जग्गा एकीकरण आयोजना क्षेत्रको पूर्वमा व्यास मार्गदेखि ५० मी. भित्र, पश्चिममा मादी नदीको डिल, उत्तरमा बोटेनी खोल्सी तथा दक्षिणमा बोटेगाउँ जान पक्की सडक, यती चार किल्ला भित्रका सम्पूर्ण जग्गाको कित्ताकाट र निर्माण कार्य मिति २०७८/११/१५ देखि २ वर्षको अवधिका लागि नगर विकास ऐन, २०४५ को दफा (८.१) र दफा (१२.१.२ ग) बमोजिम रोक्का गरिएकोमा यस आयोजना क्षेत्र भित्रको चक्लाबन्दी नक्सा तयार भई अन्तिम स्वीकृतिको अवस्थामा रहेकोले आयोजनाका सम्पूर्ण जग्गा एकीकरण गरी एक कित्ता कायम गर्ने तथा चक्लाबन्दी नक्सा अनुरुप जग्गा कित्ताकाट गरी विकसित घडेरी सम्बन्धित जग्गाधनिलाई फिर्ता गर्ने प्रयोजनका लागि आयोजनाको चारकिल्ला भित्रको जग्गा बढीमा एक वर्षको अवधिका लागि नगर विकास ऐन, २०४५ को दफा (१२.१.२ ङ) बमोजिम हक हस्तान्तरण समेत नहुने गरी खरिद बिक्री कारोबार, कित्ताकाट तथा निर्माण पुनः रोक्का गर्नका लागि ३५ दिने सूचना प्रकाशित गर्ने साथै उक्त ३५ दिन भित्र यस अघि कुनै वित्तीय संस्थाद्वारा विभिन्न प्रयोजनका लागि जग्गा रोक्का राखिएको भए उक्त अवधि भित्र जानकारी प्राप्त गर्ने गरी सम्बन्धित सरोकारवालाहरुलाई सूचित गर्ने भनी आयोजना व्यवस्थापन उप-समितिद्वारा निर्णय भए बमोजिम प्रक्रिया अगाडि बढाउन आयोजना कार्यान्वयन इकाईलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त ३५ दिने सूचनाको म्याद समाप्ति पश्चात आयोजना क्षेत्र भित्रका कित्ता जग्गाहरु नगर विकास ऐन, २०४५ को दफा (१२.१.२ ङ) बमोजिम रोक्का राख्नको लागि जिल्ला मालपोत कार्यालय, तनहुँ तथा जिल्ला नापी कार्यालय तनहुँलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा सुरक्षित गर्भपतन सेवा निर्देशिका बमोजिमका मापदण्ड (सूचीकृत स्वास्थ्यकर्मी) भएको स्वास्थ्य संस्था घाँसीकुवा स्वास्थ्य चौकी व्यास १२ मा कार्यरत

स्वास्थ्यकर्मीको सिमलटार आधारभूत स्वास्थ्य केन्द्र व्यास ४ मा सरुवा भएको हुँदा सिमलटार आधारभूत स्वास्थ्य केन्द्र व्यास ४ लाई यस सेवाका लागि सूचीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा मुग्लिन पोखरा सडक योजना अन्तर्गत मादी नदी पुल निर्माण कम्पनी ANK-ZIEC JOINT VENTURE ले पुल निर्माणका क्रममा उत्खनन भएको ढुङ्गा, गिट्टी, वालुवा पुल निर्माणको स्वीकृत डिजाइन अनुसार कुल १६६५५.६१ घ.मी. लाग्ने र सो सामाग्री मध्ये मादी नदीको नदीजन्य पदार्थ ५० प्रतिशत मात्र प्रयोग हुने भएकाले कुल ८३२७.५ घ.मी. बरावरको मादी नदीको नदीजन्य पदार्थ उपयोग गर्नका लागि अनुमति माग भएको हुँदा नियमानुसार राजश्व लिई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा कार्यालयले पटक-पटक सूचना प्रकाशन गर्दा समेत भाडामा लाग्न नसकेका तपशिल बमोजिमका पसल कवलहरुको न्यूनतम भाडामा २० प्रतिशत कम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क.सं. | कोठा नं. | हालको न्यूनतम भाडा दर | २० प्रतिशत कम | कैफियत |
|---|---|---|---|---|
| १ | १०५ | ४४,१००।- | ३५,२८०।- | |
| २ | १२० | २३,२०५।- | १८,५६४।- | |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्वामित्वमा रहेको नयाँ बहुउद्देश्यीय भवनको अण्डरग्राउण्ड पार्किङ्गमा भऱ्याङमुनी रहेको गोदाम कोठा भाडामा लगाउन मासिक न्यूनतम भाडा दर रू.७,०००। (अक्षेरुपी सात हजार मात्र) कायम हुने गरी भाडामा लगाउनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८१/०८२ का लागि मादी तथा सेती नदी घाट अर्न्तगत नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्नका लागी आई.ई.ई प्रतिवेदन र प्राविधिक प्रतिवेदनका आधारमा मिति २०८१/६/२३ र २०८१/७/२७ गते विद्युतीय बोलपत्र आब्हान गरिएकोमा कुनै पनि बोलपत्र नपरेको हुँदा गण्डकी प्रदेश आर्थिक ऐन २०८१ को अनुसूची ७ (दफा ८ को उपदफा १ सँग सम्बन्धित) बमोजिम स्थानीय तहले तोकिएको दरमा दुई पटक ठेक्का आब्हान गर्दा समेत ठेक्का नलागेमा कार्यपालिका बैठकबाट निर्णय गराई उल्लेखित दरको २० प्रतिशतसम्म थपघट गर्न सकिने व्यवस्था भए बमोजिम २० प्रतिशतले घटाई ७ दिनको ठेक्का सूचना आब्हान गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | मादी नदीको ढुङ्गा, गिट्टी, बालुवा (चापाघाट मादीको पक्की पुलदेखि सिशाघाट मादीको पक्की पुलसम्म) | २८४९१८०/६१ | २५६४२६२५/५४ | |
| २. | मादी/सेती नदीको ढुङ्गा, गिट्टी, बालुवा व्यास १३ (निउरोघारीदेखि खहरे ढाँडखोलासम्म) | ७८२९५६/०१ | ७०४६६०४/१४ | |

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको हाताभित्र सञ्चालनमा रहेको कम्प्रेशन वेलर मेशिनको हालसम्म पनि भुक्तानी नभएकोले बजेट कोड नं.७६६ सरसफाई पूर्वाधार निर्माण तथा जग्गा खरिद भन्ने शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बजार क्षेत्रका भित्री साना गल्लीहरुबाट फोहर उठाउने, फुटपाथ व्यवस्थापन लगायत विविध प्रयोजनको लागि बजेट कोड नं.७८३ फोहरमैला संकलन अटो रिक्सा खरिद भन्ने शीर्षकबाट पछाडि ढाला भएको अटो रिक्सा/टेम्पु खरिद प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा वडा नं.१० बाट आ.व. २०८१/०८२ का लागि वडाबाट विनियोजित रकमको निम्नानुसार शीर्षक परिवर्तन गरिएको हुँदा संशोधन गरी आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | हालको योजनाको नाम | बजेट शिर्षक नं. | संशोधन गरी राख्नुपर्ने योजनाको नाम |
|---|---|---|---|
| १. | शिव मा.वि. बाल उद्यान निर्माण | ६१६ (पूँजीगत) | शिव मा.वि.मा विद्यालय प्राङ्गणमा ट्रस निर्माण |
| २. | देवीडाँडा पार्कमा हरियाली प्रवर्द्धन कार्यक्रम | २२९ (चालु) | देवीडाँडा भ्युटावर संरक्षण तथा रङरोगन |
| ३. | वडा कार्यालय भवनमा ट्रस राखी सभाहल निर्माण | ७४३ | चन्द्रोदय बहुउद्देश्यीय भवनमा ट्रस राखी सभाहल निर्माण |

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ पराशर आश्रममा गुरुकुल शिक्षा व्यवस्थापन गर्ने विनियोजित व.शि.नं.६९ को रू.५,००,०००। (पाँच लाख) विविध कार्यका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास न.पा.वडा नं.१४ अन्तर्गत श्री रुम्सी टोल विकास संस्था र श्री रुम्सी सामुदायिक उपभोक्ता समूहको भेलाको निर्णय अनुसार उक्त सामुदायिक वनभित्र रहेको पर्यटकीय झरनासम्म जाने मोटर मार्ग र अग्नीरेखा निर्माण कार्य गर्न डिभिजन वन कार्यालय तनहुँसँग अनुमति माग गर्न सम्बन्धित समिति र वडाबाट सिफारिस भई आएकाले अनुमति प्रदान गरिदिनु हुन भनी अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | रिता घर्ती पानी पाइप खरिद | १ | ८,०००। | ७७२ |
| २. | जलेश्वर जेष्ठ नागरिक खाजा व्यवस्थापन | १ | १,००,०००। | ८८ |
| ३. | छाब्दी दोभान खुमबहादुर दरैको घर नजिक तटबन्धन | १ | १,५०,०००। | विपद |
| ४. | जलदेवी मा.वि. शौचालय मर्मत निर्माण | १ | १,६०,०००। | ८१७ |
| ५. | वि.पी. वनवाटिका सार्वजनिक शौचालय मर्मत | ३ | २५,०००। | ८१७ |
| ६. | जेष्ठ नागरिक मिलन केन्द्र विविध कार्यक्रम सहयोग | ३ | २,००,०००। | ८८ |
| ७. | पाञ्चायन मन्दिर चौतरा मर्मत संहार | ३ | ५०,०००। | ७७९ |
| ८. | ऋषिराम गैह्रे, घाँस उत्पादन सहयोग | ५ | २०,०००। | ५६ |
| ९. | पराशर साधना योग केन्द्र, सामान खरिद | ५ | ५०,०००। | ५६ |
| १०. | मानुङ्गकोट सरसफाई व्यवस्थापन सहयोग | ५ | १,००,०००। | ५६ |
| ११. | साँझा बतासेडाँडा पर्यटकीय पार्क निर्माणस्थल जाने मोटर ट्र्याक खोल्ने | ६ | ८०,०००। | ७६९ |
| १२. | पेटार्दी मैराम्री कुलो निर्माण | ६ | १,९०,०००। | ७७४ |
| १३. | निबुवापानी खानेपानी टंकी निर्माण | ६ | २,००,०००। | ७७२ |
| १४. | सौकात अली मिया कुटानी पिसानी मेशिन खरिद | ६ | ५०,०००। | ५६ |
| १५. | गलेखामकोट सरसफाई व्यवस्थापन सहयोग | ६ | १,००,०००। | ५६ |
| १६. | युवराज गुरुङ्ग, विद्युत पोल ढुवानी खर्च भुक्तानी | ७ | २०,०००। | ५६ |
| १७. | नयाँ नियम मण्डली भवन निर्माण सहयोग | ८ | १,०५,०००। | ८१७ |

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १८. | जौबारी टोल मध्यनेपाल मोटरेवल पुल डि.पि.आर. निर्माण | ८ | ५,००,०००। | ५३ |
| १९. | बसाह मार्ग भल व्यवस्थापन | ८ | ३३,०००। | ५६ |
| २०. | क्यामिनकोट माई कालिका पूजा व्यवस्थापन | ८ | ३०,०००। | ५६ |
| २१. | मंगली गैह्रा टोल विकास संस्था सडक बत्ती व्यवस्थापन | १० | २५०,०००। | ७७६ |
| २२. | धन्सुरे खोल्सी खानेपानी पाइप खरिद | १० | ३७,८००। | ७७२ |
| २३. | रानीगाउँ डिपबोरिङ्ग खानेपानी | ११ | ४,००,०००। | ७७२ |
| २४. | जनकल्याण आधारभूत विद्यालय मर्मत समेत | ११ | ४५,०००। | ८१७ |
| २५. | जनकबहादुर पन्थ, खानेपानी पाइप खरिद | १२ | २०,०००। | ७७२ |
| २६. | सम्झना थापाको घर मोटर मार्ग निमाणको असर हुँदा घर संरक्षण | १४ | ४०,०००। | विपद |
| २७. | टुलकुमारी आलेको घर मोटर मार्ग निर्माण हुँदा असर परेको हुँदा घर संरक्षण | १४ | ४०,०००। | विपद |
| २८. | छाब्दी आरुबोट खोल्सी बक्स कल्भर्ट मर्मत एवं छाब्दी शहरी स्वास्थ्य जाने मोटर मार्ग स्तरीकरण | १४ | २,००,०००। | ८१७ |
| २९. | विष्णुमाया घर्ती आले, सुन्धारा टोल | ११ | ३०,०००। | विपद |
| ३०. | पार्वती शर्मा, कमलबारी टोल | १२ | ३०,०००। | विपद |
| ३१. | दलबहादुर दरै, चब्दीखोला बगुवा बोटे | १३ | १०,०००। | विपद |
| ३२. | ठकबहादुर दरै, चब्दीखोला बगुवा बोटे | १३ | १०,०००। | विपद |
| ३३. | नवलबहादुर दरै, चब्दीखोला बगुवा बोटे | १३ | १५,०००। | विपद |
| ३४. | देवराज थापा, छाब्दी जब्दारी चिसापानी मार्ग | १३ | ५,००,०००। | विपद |
| ३५. | अलओभर भिजिनेट वर्क, विज्ञापन सहयोग | | १२,०००। | ३७ |
| ३६. | तनहुँका लोक गायक कृष्ण थापा मगरको सम्मान कार्यक्रम सहयोग | | ३०,०००। | ५६ |
| ३७. | फरकपत्र विज्ञापन सहयोग | | १५,०००। | ३७ |
| ३८. | शिक्षा अधिकृत नविन पराजुली उपचार सहयोग | | ५०,०००। | ४८ |
| ३९. | तनहुँ ख्रिष्टियन समाज रक्तदान कार्यक्रम सहयोग | | २०,०००। | १०६ |
| ४०. | नगरस्तरीय कराँते प्रतियोगिता सञ्चालन सहयोग | | १,००,०००। | १०१ |
| ४१. | एनफा तनहुँ खेलकुद सामग्री सहयोग | | २५,०००। | १०१ |

***